**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २५ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- **प्रधानमन्त्री नरेन्द्र मोदी इजरायलको दुई दिवशीय  भ्रमणमा  आज अपराह्न तेल अभिभ पुग्नुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको इजरायलको यो दोस्रो भ्रमण हो।**

- **रक्षा मन्त्री श्री राजनाथ सिंहले आज आत्मनिर्भर भारत अन्तर्गत स्वदेशी रक्षा उद्योगको क्षमता बढाउने सरकारको संकल्पम माथी जोड दिनुभएको छ।**

- **निर्वाचन आयोगले पश्चिम बंगालमा विधानसभा चुनाव अघि तैनाथ केन्द्रीय सशस्त्र पुलिस बलका जवानहरूलाई छुट्याइएको गाडीहरूमा जीपीएस ट्र्याकर जडान गर्ने निर्णय गरेको छ।**

- **नयाँ दिल्ली भ्रमणको क्रममा, दार्जिलिङ्का युवाहरूको एउटा टोलीले राज्यसभा सांसद हर्षवर्धन श्रृङ्गलाको नेतृत्वमा उपराष्ट्रपति सी.पी. राधाकृष्णनसँग राष्ट्रपति भवनमा भेट गरेको छ।**

- **दार्जीलिङ प्रेस गिल्डले आगामी 28 फरवरीको दिन आफ्नो 25औं स्थापना दिवस पालन गर्ने निधो गरेको छ।**

**<u>प्रधानमन्त्री -इजरायल-भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी इजरायलको दुई दिवशीय  भ्रमणमा  आज अपराह्न तेल अभिभ पुग्नुभएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको इजरायलको यो दोस्रो भ्रमण हो।भ्रमणको क्रममा प्रधानमन्त्री श्री मोदी अनि  इजरायलका प्रधानमन्त्री  बेन्जामिन नेतन्याहूले भारत-इजरायल रणनीतिक साझेदारीमा भएको महत्त्वपूर्ण प्रगतिको समीक्षा गर्नुहुनेछ।  इजरायलमा  भारतीय राजदूत जे पी सिंहले प्रधानमन्त्री श्री मोदीले आज नेसेटमा इजरायली संसदलाई सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी दिनुभएको छ। उहाँले भन्नुभयो, प्रधानमन्त्री श्री मोदी इजरायलको  संसदलाई सम्बोधन गर्ने पहिलो भारतीय नेता हुनुहुन्छ। विदेश मन्त्रालयले भनेको छ , यो भ्रमणले दुई देशहरू बीच गहिरो र लामो समयदेखि कायम रहेको रणनीतिक साझेदारीलाई पुन: पुष्टि गर्नेछ र साझा चुनौतीहरूको समीक्षा गर्ने अवसर प्रदान गर्नेछ र दुई लचिलो लोकतन्त्रहरू बीच एक मजबूत साझेदारीको लागि उनीहरूको साझा दृष्टिकोण प्राप्त गर्ने प्रयासहरूलाई पुन: व्यवस्थित गर्नेछ।  विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भारत र इजरायलबीच न्यानो र अग्रगामी रणनीतिक साझेदारी रहेको बताउनु भएको छ।

**<u>रक्षा मंत्री राजनाथ सिंह -आत्मनिर्भर भारत</u>**

रक्षा मन्त्री श्री राजनाथ सिंहले आज आत्मनिर्भर भारत अन्तर्गत स्वदेशी रक्षा उद्योगको क्षमता बढाउने सरकारको संकल्पममाथी जोड दिनुभयो  जसले स्थानीय उत्पादन र निर्यात दुवैलाई बढावा दियोस्। उहाँले यस दृष्टिकोणलाई साकार पार्न भारतीय राजनयिकहरूको महत्त्वपूर्ण भूमिकाको पनि सराहना गर्नुभयो। नयाँ दिल्लीमा भारतीय विदेश सेवाका प्रशिक्षु अधिकारीहरूलाई सम्बोधन गर्नुहुदै  श्री सिंहले भन्नुभयो, भारतले रक्षा उपकरणहरूको प्रमुख आयातकर्तादेखि निर्यातकर्तासम्म लामो यात्रा तय गरिसकेको छ।

**<u>भारतीय निर्वाचन आयोग र राज्य निर्वाचन आयुक्त</u>**

निर्वाचन आयोग र राज्य निर्वाचन आयुक्त, पञ्चायतहरु  र नगर निकायहरूको चुनाउसित सम्बन्धी कानूनहरूलाई संसद र राज्य विधानसभाहरुको चुनाउसँग सम्बन्धित कानूनहरूसँग समन्वित गर्नको लागी मिलेर काम गर्नेछन्।

*हिज नयाँ दिल्लीमा आयोजित भारतीय निर्वाचन आयोग र राज्य निर्वाचन आयुक्तहरूको राष्ट्रिय गोलमेच सम्मेलनमा सर्वसम्मतिले पारित गरिएको राष्ट्रिय घोषणापत्र २०२६ मा यो कुरा उल्लेख गरिएको हो । सबै राज्य निर्वाचन आयोगहरूले राष्ट्रिय घोषणा २०२६ लाई अपनाउने संकल्प गरेका छन्। उनीहरूले विशुद्ध मतदाता सुची तयार गर्नु लोकतन्त्रको आधार भएको र निर्वाचनको पारदर्शी र कुशल संयोजनले लोकतान्त्रिक संस्थाहरूलाई थप बलियो बनाउने पनि पुष्टि गरेका छन्।आयोगले एक विज्ञप्तिमा भनेको छ , राष्ट्रिय र संवैधानिक हितमा, यसले देशभरिका सबै एस.ई.सी.हरूसँग पारस्परिक रूपमा स्वीकार्य संयन्त्र र कानुनी रूपमा व्यवहार्य ढाँचाहरू काम गर्ने प्रस्ताव गरेको छ जसले ई.सी.आई.एन.ई.टी डिजिटल मंच , ई.भी.एम र मतदाता सूचीको साझेदारी सहित चुनावसँग सम्बन्धित प्रक्रियाहरू समन्वय गर्न सक्छ।२७ वर्षको अन्तरालपछि सफलतापूर्वक सम्पन्न भएको यस सम्मेलनको राज्य निर्वाचन आयुक्तहरूले व्यापक रूपमा सराहना गरेका छन् ।*

**पश्चिम बंगाल विधानसभा चुनाव - निर्वाचन आयोग - संकेत**

पश्चिम बङ्गाल विधानसभा चुनावलाई लिएर निर्वाचन आयोगले सर्वोच्च न्यायालयको निर्देशको पालना गरेमा अन्तिम तथा पूर्ण मतदाता सूची प्रकाशित हुनुभन्दा पहिले नै चुनाउ कार्यक्रमको घोषणा गर्न सकिने सङ्केत दिएको छ ।

*भारतीय निर्वाचन आयोग अनुसार, नामाङ्कनको अन्तिम तिथि सम्म प्रकाशित सबै मतदाता सुचीलाई निर्वाचन प्रक्रियाका लागि वैध मानिनेछ। अन्तिम मतदाता सूची चरणबद्ध रूपमा प्रकाशन गरिरहे पनि उपलब्ध सूचीका आधारमा चुनाउ गर्न सकिने आयोगले स्पष्ट पारेको छ ।अहिलेसम्म राज्यमा ५८ लाख भन्दा अधिक नाम मतदाता नामावलीबाट हटाइसकिएको छ । अन्तिम सूची शुक्रबार प्रकाशित हुने भए पनि हटाइएका नामहरूको एकीकृत गणना तत्काल सम्भव नहुने अधिकारीहरूले बताएका छन्। सर्वोच्च न्यायालय को आदेश अनुसार २८ फ़रवरी पछि पनि आयोगले चरणबद्ध रूपमा सूची प्रकाशित गर्न सक्नेछ र तिनीहरूलाई अन्तिम सूचीको अङ्गको रूपमा व्यवहार गरिनेछ। सबै चरणहरूको सूची एकसाथ थपिए पछि मात्र कुल मेटाउने मूल्याङ्कन गरिनेछ। मुख्य चुनाउ अधिकारीको कार्यालयका एक वरिष्ठ अधिकारी अनुसार न्यायालय को निर्देश अनुसार चुनाउ तालिका घोषणाका लागि अन्तिम मतदाता सूचीसम्म पर्खनु आवश्यक नभएको बताएका छन् । मतदाता सूची प्रकाशन र चुनाउ कार्यक्रमको घोषणा दुवै प्रक्रिया समानान्तर रूपमा जारी रहन सक्नेछ ।*

**पश्चिम बंगाल विधानसभा चुनाव - भारतीय जनता पार्टी ) - चुनावी घोषणा पत्र**

भारतीय जनता पार्टीले पश्चिम बंगालमा आगामी विधानसभा चुनावका लागि आफ्नो चुनावी घोषणापत्र तयार गर्न सूक्ष्म र क्षेत्र-विशिष्ट मुद्दाहरूमा ध्यान केन्द्रित गरेको छ। पार्टी सुत्र अनुसार यस पटक राज्यभरिका ठूला मुद्दामा मात्र सीमित हुनुको साटो स्थानीय समस्या र विभिन्न क्षेत्रका अपेक्षालाई प्रमुखता दिइएको छ । घोषणापत्र तयार पार्ने प्रक्रियामा सक्रिय रहेका पार्टीको राज्य समितिका एक सदस्यले भने -वर्तमान जटिल राजनीतिक परिस्थितिमा केही व्यापक मुद्दाहरू छन् जुन राज्यभरि समान रूपमा लागू हुने तर साथसाथै यस्ता धेरै क्षेत्रहरू पनि छन् जहाँ विशिष्ट स्थानीय समस्याहरू छन्। सुत्र अनुसार पार्टीले उत्तर बंगालका आठ जिल्लाहरू, बिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर, जलपाईगुडी, अलीपुरद्वार, दार्जिलिङ, कालेबुंग र मालदाका लागि छुट्टै मिनी घोषणापत्र जारी गर्ने तयारी गरेको छ। राज्यव्यापी मुख्य र विस्तृत घोषणापत्रको अतिरिक्त, यो विशेष घोषणापत्र उत्तर बङ्गालको आवश्यकता र अपेक्षाहरूमा मात्र केन्द्रित हुनेछ। विधानसभामा भाजपा विधायक दलका मुख्य सचेतक र सिलीगुडी विधानसभाका विधायक शंकर घोषले उत्तर बङ्गालका लागि छुट्टै घोषणापत्र त्यहाँका जनताको आवश्यकता, माग र आकांक्षालाई ध्यानमा राखेर तयार गरिएको बताउनु बएको छ । उहाले जानकारी दिए कि पार्टीले हाल "संकल्प पत्र परामर्श यात्रा" कार्यक्रम सञ्चालन गरिरहेको छ जस अन्तर्गत मतदाताहरूबाट सुझाव लिन राज्यका विभिन्न स्थानहरूमा ड्रप बक्सहरू स्थापना गरिएको छ। उत्तर बंगालबाट प्राप्त महत्वपूर्ण सुझावका आधारमा उत्तर बंगालका लागि छुट्टै घोषणापत्र ल्याउने योजना बनाइएको छ । दक्षिण बङ्गालमा तृणमूल काङ्ग्रेसको प्रभाव तुलनात्मक रूपमा उच्च भए पनि उत्तर बङ्गालमा भाजपाले विगतमा उल्लेखनीय सफलता पाएको थियो। सन् २०२१ को विधानसभा चुनावमा तृणमूल कांग्रेसले

अधिकांश जिल्लाहरूमा लाभ उठाएको थियो, तर उत्तर बंगालमा भाजपाले ५४ विधानसभा सिटमध्ये ३० सिट जितेर आफ्नो प्रभुत्व कायम राखेका थिए।

**निर्वाचन आयोग-पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा विधानसभा चुनावअघि तैनाथ केन्द्रीय सशस्त्र पुलिस बलका जवानहरूलाई छुट्याइएको गाडीहरूमा जीपीएस ट्र्याकर जडान गर्ने निर्णय गरेको छ। सीएपीएफका जवानहरूको तैनाथी दुई चरणमा सुरु हुनेछ। पहिलो चरणमा २४० कम्पनी आगामी महिनाको पहिलो तारिखबाट परिचालन हुनेछन् । आयोगले सशस्त्र बललाई एरिया डोमिनेसन अभ्यास गर्न र राज्यको भूगोलसँग परिचित गराउन निर्देशन दिएको छ । पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले भनेको छ - जीपीएस ट्र्याकिंग प्रणालीले निर्वाचन आयोगद्वारा नियुक्त केन्द्रीय पर्यवेक्षकहरूलाई सीएपीएफका कर्मचारीहरूको गतिविधिको निगरानी गर्न सक्षम बनाउनेछ। दोस्रो चरणमा 240 कम्पनीहरू 10 मार्चदेखि तैनात हुनेछन्। पहिलो चरणमा सीआरपीएफबाट ११०, बीएसएफबाट ५५, सी.आई.एस.एफ.बाट २१, आईटीबीपीबाट २७ र एसएसबीबाट २७ कम्पनी हुनेछन् । दोस्रो चरणमा सीआरपीएफबाट १२०, बीएसएफबाट ६५, सीआईएसएफबाट १६, आईटीबीपीबाट २० र एसएसबीबाट १९ कम्पनी हुनेछन् । विगतका चुनावहरूमा सीएपीएफका जवानहरूको अप्रभावी तैनातीको बारेमा गुनासो आएपछि आयोगले यो कदम उठाएको हो।

**नागरिक सुरक्षा स्वयंसेवक -बिरोध प्रदर्शन**

३० दिनको सुनिश्चित मासिक काम र स्थायी रोजगारको स्थितिको माग गर्दै नागरिक सुरक्षा स्वयंसेवकहरूले आज साल्ट लेकमा पश्चिम बङ्गाल शिक्षा विभागको मुख्यालय बाहिर विरोध प्रदर्शन गरे।विभिन्न जिल्लाबाट आएका प्रदर्शनकारीहरूले सडकमा बसेर विकास भवन बाहिर यातायात अवरुद्ध गरे र गत वर्ष १३जुलाई मा जारी गरिएको सरकारी आदेशमा संशोधनको माग गरेको छ ।

**पूर्व मेदिनीपुर-दिघा- डोल महोत्सव**

पूर्व मेदिनीपुर जिल्लाको तटीय पर्यटकीय केन्द्र दिघामा रहेको जगन्नाथ मन्दिरमा पहिलो पटक डोल महोत्सव विशेष रूपमा मनाइने भएको छ। मन्दिरको उद्घाटनपछिको यो पहिलो डोल पर्व हो, जसमा ठूलो संख्यामा भक्तजन तथा पर्यटकको आगमन हुने अपेक्षा गरिएको छ । मन्दिर प्रशासनसँगै होटल व्यवसायीहरु पनि यसलाई लिएर उत्साहित बनेका छन् ।डोलको अवसरमा भगवान जगन्नाथ, बलराम र सुभद्रालाई नयाँ वस्त्र तथा फूलले विशेष रूपमा सजाउने गरिन्छ। अबिरले मूर्तिलाई सजाएर दिउँसो विशेष अभिषेक र साँझमा विशेष पूजा गरी भोग अर्पण गरिने छ ।मन्दिर ट्रस्ट कमिटीका सदस्य तथा इस्कोन कोलकाताका उपाध्यक्ष राधारमण दासले डोल पर्वका लागि विशेष पूजा र भोगको व्यवस्था गर्न लागिएको बताउनु भएको छ । उहाले प्रत्येक वर्ष देश तथा विदेशबाट ठूलो सङ्ख्यामा मायापुर आउने गरेको र यसपटक दिघाको जगन्नाथ मन्दिरमा पनि विदेशी भक्तजनमा उत्साह देखिरहेको बताउनु भएको छ । अहिलेसम्म १५ हजारभन्दा अधिक पर्यटकहरुले मन्दिर दर्शन गरिसकेका छन् । मायापुर र दिघासम्म बस सेवा शुरु भएसँगै आउजाउमा सहज भएकाले मायापुर आउने विदेशी भक्तजनको पनि दीघा पुग्ने सम्भावना बढेको छ ।

**जलपाईगुड़ी - हेपाटाइटिस संक्रमण -स्वास्थ्य विभाग सक्रिय**

जलपाइगुडी जिल्लाको राजगञ्जमा हेपाटाइटिस संक्रमणको बिच अन्धविश्वासलाई रोक्न स्वास्थ्य विभाग सक्रिय भएको छ । ब्लक स्वास्थ्य विभागको विशेष टोलीले आज प्रभावित गाउँहरूमा घरघर पुगेर सचेतना अभियान सुरु गरेको छ। स्वास्थ्यकर्मीहरुले ग्रामिणहरु सँग प्रत्यक्ष बातचीत गर्दै हेपाटाइटिसको लक्षण देखिएमा तत्काल अस्पतालमा उपचार गराउनुपर्ने बताएका छन् । ब्लक स्वास्थ्य अधिकारी राहुल राईले हेपाटाइटिसका केही बिरामी ओझा चिकित्सककहाँ गएको समाचार आएको बताउनुहुदै आज उक्त क्षेत्रमा सचेतनामूलक अभियान सञ्चालन गरिए पछि अहिले गाउँलेहरु अस्पताल आउन तयार भएका जनाएका छन् । उहाले औषधि र स्वास्थ्य सेवा नियमित रुपमा प्रभावित गाउँमा पुर्याइएको र अवस्था नियन्त्रणमा रहेको बताउनु भएको छ ।

**उपराष्ट्रपति सी.पी. राधाकृष्णन-दार्जिलिङका युवा -भेट**

नयाँ दिल्ली भ्रमणको क्रममा, दार्जिलिङका युवाहरूको एउटा टोलीले राज्यसभा सांसद हर्षवर्धन श्रृङ्गलाको नेतृत्वमा उपराष्ट्रपति सी.पी. राधाकृष्णनसँग राष्ट्रपति भवनमा भेट गरेको छ। टोलीलाई स्वागत गर्नुहुदै उपराष्ट्रपति श्री राधाकृष्णनले भन्नुभयो -, "प्राकृतिक सौन्दर्य, समृद्ध संस्कृति र राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिने क्षेत्रका जीवन्त युवा मनहरू भेट्न पाउनु ठूलो खुशीको कुरा हो।" उहाले युवाहरूले परम्परागत पोशाकमा गर्वका साथ सजिएर आएको देखेर खुशी व्यक्त गर्नुहुदै संस्कृतिको संरक्षण गर्न सबैको साझा जिम्मेवारी रहेको बताउनुभयो।विकसित भारत र आत्मनिर्भर भारतको दृष्टिकोणमाथी बोल्नुहुदै उहाले भन्नुभयो - भारतको युवा जनसंख्यालाई राष्ट्रको सबैभन्दा ठूलो शक्ति हो। उपराष्ट्रपति श्री राधाकृष्णनले।दार्जीलिङलाई उत्कृष्ट पर्यटन स्थलको रूपमा प्रशंसा गर्नुहुदै विश्वप्रसिद्ध दार्जीलिङ्ग चियाको गुणस्तरमा वृद्धि, तकनिकी सुधार र उद्यमशीलता मार्फत वैश्विक ब्रान्डलाई मजबुत बनाउन, नक्कली रोक्न र चिया मजूरहरूसम्म फाइदा पुर्याउन सक्नुपर्ने सुझाव दिनुभयो।

**सांसद राजु विस्ट- पद्मश्री श्री गम्भीर सिंह योन्जन**

दार्जीलिंगका सांसद राजु विस्टले आज कालेबुंगस्थित पेदोंगमा पद्मश्री श्री गम्भीर सिंह योन्जनसित भेट गर्नुभयो। यस अवसरमा सांसद श्री विस्टले क्षेत्रका एक अग्रणी वनस्पतिविद्, प्रख्यात शिक्षाविद् तथा प्रतिबद्ध सामाजिक कार्यकर्ता, डा. योन्जनलाई विज्ञान, पर्यावरण संरक्षण र सामुदायिक कल्याणमा उहाको स्थायी योगदानको लागि पद्मश्री प्रदान गरिएको बताउनु भयो।

***उहाले पद्मश्री डाक्टर योन्जनको जीवनको कर्म पूर्वी हिमालयका पुस्ताहरूका लागि प्रेरणादायी रहेको बताउनुभयो। स्मरण गराइन्छ , पद्मश्री डाक्टर योन्जनले दार्जीलिङ सरकारी कलेजमा वनस्पति विज्ञानको प्रोफेसर र पछि कालेबुङ कलेजको प्राचार्यको रूपमा सेवा गर्नुभयो जसले आफ्नो शैक्षिक नेतृत्वको माध्यमबाट अनगिन्ती युवा दिमागलाई आकार दिनुभयो। उहा हिमालय साइन्स एसोसिएसनका संस्थापक हुन् र उहाले हिमाली पारिस्थितिकी र औषधीय वनस्पतिहरूमाथी धेरै महत्त्वपूर्ण लेखहरु लेख्नुभएको छ*** 1

**दार्जीलिङ प्रेस गिल्ड- 25औं स्थापना दिवस**

दार्जीलिङ प्रेस गिल्डले आगामी 28 फरवरीको दिन आफ्नो 25औं स्थापना दिवस पालन गर्ने निधो गरेको छ। जसमा प्रेस गिल्डले आफ्नो 25औं स्थापना दिवसको अवसरमा आदि पत्रकार पादरी गंगाप्रसाद प्रधानलाई समर्पण गरेर दार्जीलिङ प्रेस गिल्ड सम्मान उनकै परिवारका सदस्यलाई प्रदान गर्ने घोषणा गरेको छ। दार्जीलिङ प्रेस गिल्डले विगत केही वर्षदेखि पत्रकारिता, समाज सेवा तथा अन्य विधामा योगदान दिने व्यक्तित्वहरूलाई दार्जीलिङ प्रेस गिल्ड सम्मानले विभूषित गर्दै आइरहेको छ।

**********